**अनुसूची २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# चिशंखुगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ | संख्याः १२ | मितिः २०८०/११/१५

**भाग-२**

**चिशंखुगढी गाउँपालिका**

चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको

सूचना

## चिशंखुगढी ग्रामीण आँखा केन्द्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकाबाट प्रमाणित मिति: २०८०/११/१४

राजपत्रमा प्रकाशित मिति: २०८०/११/१५

**प्रस्तावना**

गाउँपालिकामा ग्रामीण आँखा केन्द्र संचालनको लागि चिशंखुगढी गाँउपालिका, ओखलढुंगा र नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, काठमाण्डौं साथै जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगा द्वारा सञ्चालनका लागि चिशंखुगढी ग्रामिण आँखा केन्द्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि चिशंखुगढी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम पारित गरियो ।

## सामग्री तालिका


**चिशंखुगढी ग्रामीण आँखा केन्द्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८०** ........ १

प्रस्तावना ........ १

आँखा केन्द्र व्यवस्थापन, समितिको गठन तथा सञ्चालन ........ ३

१. संस्थाको नामः ........ ३

२. स्थानः ........ ३

३. उद्देश्यः ........ ३

४. कार्यक्षेत्रः ........ ३

५. आधिकारिकताः ........ ३

६. आँखा केन्द्र व्यवस्थापन तथा सञ्चालन समितिको गठन : ........ ३

७. सञ्चालन समितिको काम कर्तब्य र अधिकार : ........ ३

८. चिशंखुगढी गाउँपालिकाको काम कर्तब्य र अधिकारः ........ ४

९. नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगाको काम, कर्तव्य र अधिकारः ........ ५

१०. केन्द्रले गर्ने कार्यहरु : ........ ५

१०.१. आँखा केन्द्रमा उपलब्ध हुने आँखा स्वास्थ्य सेवाहरु : ........ ६

१०.२. कार्यक्रमहरु ........ ६

११. आर्थिक कारोवार: ........ ७

विविध ........ ७

अनुसूची-१ ........ ९

आँखा केन्द्रमा जाँचको लागि आउने विरामीहरुलाई विरामी दर्ता शुल्क ........ ९

# परिच्छेद-१

## आँखा केन्द्र व्यवस्थापन, समितिको गठन तथा सञ्चालन

१. **संस्थाको नामः** संस्थाको नाम "चिशंखुगढी ग्रामीण आँखा केन्द्र" रहनेछ ।

२. **स्थानः** यस चिशंखुगढी ग्रामीण आँखा केन्द्र, चिशंखुगढी गाँउपालिका वडा नं. ५ सेर्नामा रहने छ ।

३. **उद्देश्यः** यस केन्द्रले सर्वसाधारण जनताको पहुँचमा पुग्न सक्ने गरी आँखा सम्बन्धी सेवा प्रदान गर्नेछ ।

४. **कार्यक्षेत्रः** यस केन्द्रको कार्यक्षेत्र सम्बन्धित गाउँपालिका भित्रका सबै वडाहरूमा आँखा सेवा सञ्चालन गर्नेछ।

५. **आधिकारिकताः** यस केन्द्रको कानुनी रुपमा चिशंखुगढी गाँउपालिका, ओखलढुंगा, नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठान र जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगाको सहकार्यमा सञ्चालन भएको मानिनेछ र यसको आफ्नै छाप र लेटरप्याडको साथै आर्थिक कारोबार गर्ने अधिकार हुनेछ ।

६. **आँखा केन्द्र व्यवस्थापन तथा सञ्चालन समितिको गठन :** यस केन्द्र सञ्चालनको लागि ७ (सात) सदस्यीय व्यवस्थापन तथा सञ्चालन समिति गठन रहनेछ ।

उक्त समिति देहाय बमोजिमको हुने छ :

| | |
|---|---|
| १. अध्यक्ष | : गाउँपालिका अध्यक्ष |
| २. सदस्य | : प्रतिनिधि (नेपाल आँखा कार्यक्रम (तिलगंगा आँखा प्रतिष्ठान) |
| ३. सदस्य | : सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत |
| ४. सदस्य | : सम्बन्धित वडाको वडा अध्यक्ष |
| ५. सदस्य | : सम्बन्धित पालिकाको स्वास्थ्य शाखा प्रमुख |
| ६. सदस्य | : स्थानीय महिला समाजसेवी (अध्यक्षबाट मनोनित) |
| ७. सदस्य सचिव | : इन्चार्ज चिशंखुगढी ग्रामीण आँखा केन्द्र |

**आमन्त्रित सदस्यहरुः** स्थानीय तहको पालिका उपाध्यक्ष, अस्पताल/स्वास्थ्य केन्द्र प्रमुख र अन्य बुद्धिजीवी तथा समाजसेवी व्यवस्थापन समितिले आवश्यकता अनुसार बनाउन सक्नेछ ।

७. **सञ्चालन समितिको काम कर्तब्य र अधिकार :**

यस समितिको काम कर्तव्य र अधिकारहरू तपसिल अनुसार हुने छ :-

क. आँखा केन्द्र सञ्चालनको लागि भौतिक पूर्वाधारको व्यवस्था गर्ने ।

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

ख. प्रचलित ऐन नियमको अधीनमा रहि केन्द्रमा कार्यरत जनशक्तिहरूको नियुक्ति, सेवा सुविधा निर्धारण र परिचालन गर्ने ।

ग. केन्द्रको आर्थिक कारोबार गर्ने साथै यस सम्बन्धमा नेपाल सरकारले तोकेको ऐन, नियम, नीति निर्देशन लगायत कानुनी दायित्वको बहन गर्ने ।

घ. आन्तरिक तथा बाह्य स्रोतबाट संकलित रकमबाट केन्द्र सञ्चालन गर्ने ।

ङ. केन्द्रमा आवश्यक पर्ने उपकरण, चश्मा तथा औषधीको लागि तिलगंगा आँखा प्रतिष्ठानसँग समन्वय गरि खरिद गर्ने ।

च. केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरूको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्यांकन गर्ने ।

छ. केन्द्रको आत्मनिर्भरतलको लागि आवश्यक भौतिक पूर्वाधार, केन्द्र तथा कार्यरत कर्मचारीहरूको वृद्धि विकासको लागि श्रोत तथा साधनहरूको व्यवस्था गर्ने ।

ज. तिलगंगा आँखा प्रतिष्ठानको सामुदायिक आँखा केन्द्र र जिल्लाभित्र रहेका सम्बन्धित कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा आँखा स्वास्थ्य सेवा सुधार गर्न आवश्यक समन्वय गर्ने ।

झ. केन्द्र सञ्चालनमा आएको बाधा अड्चन फुकाउने ।

ञ. आँखा केन्द्रको दैनिक प्रशासनिक, प्राविधिक, आर्थिक कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने

ट. केन्द्रमा भए गरेका प्रगति विवरण मासिक रुपमा सामुदायिक आँखा केन्द्र र सरोकारवाला निकायमा पठाउने

ठ. केन्द्रको आय व्ययको वार्षिक लेखा परीक्षण गरि उक्त लेखापरीक्षणबाट प्राप्त प्रतिवेदनमा छलफल गरि आवश्यक सबै सरोकारवाला निकायहरूमा पठाउने ।

ड. केन्द्र अनुगमन तथा मूल्याङ्कन बापत नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, सामुदायिक आँखा केन्द, ओखलढुंगालाई वार्षिक रुपमा कुल आम्दानीको ५ देखि ७ प्रतिशत रकम प्रदान गर्ने ।

ढ. आवश्यकता अनुसार समिति तथा सल्लाहकारहरूको बैठक बोलाउने र भएका प्रगति विवरण तिलगंगा आँखा प्रतिष्ठानको बाह्य कार्यक्रम विभागमा पठाउने ।

८. **चिशंखुगढी गाउँपालिकाको काम कर्तब्य र अधिकारः** गाउँपालिकाको कार्यक्षेत्रहरू तपसिल अनुसारको रहने छः

चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सैर्ना ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

क. प्रचलित ऐन नियम अनुसार केन्द्र सञ्चालनको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्ने ।

ख. केन्द्र सञ्चालन खर्चको व्यवस्था गर्ने ।

ग. केन्द्रको सेवा तथा कर्मचारीहरूको स्तर वृद्धिको लागि आवश्यक सहजीकरण गर्ने ।

घ. कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

ङ. चिशंखुगढी गाँउपालिका भित्र रहेका १० वर्ष मुनिका बालबालिका, ७० वर्ष भन्दा माथिका बृद्ध, बृद्धा, एकल महिला तथा विपन्नलाई आँखा सेवाको लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।

च. आँखा केन्द्रमा नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रम लागू गर्ने ।

९. **नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगाको काम, कर्तव्य र अधिकारः** सामुदायिक आँखा केन्द्रका कार्यक्षेत्रहरू तपसिल अनुसारको रहने छ :

क. केन्द्र स्थापना गर्न एकपटकको लागि आवश्यक पर्ने सामाग्री (Equipment) को व्यवस्था गर्ने ।

ख. केन्द्र स्थापना गर्नको लागि प्राविधिक सहयोग गर्ने ।

ग. केन्द्रले लिने सेवा शुल्कहरू निर्धारण गर्दा व्यवस्थापन समितिलाई आवश्यक सहजीकरण गर्ने ।

घ. केन्द्रको दैनिक गतिविधि (प्रशासनिक तथा आर्थिक) तथा लेखा परीक्षणबाट प्राप्त रिर्पोटको अनुगमन र मूल्याङ्कन गर्ने ।

ङ. केन्द्रको चश्मा, औषधी तथा अन्य सामाग्री खरिद गर्दा सोको आपूर्तिको सहजीकरण गर्ने ।

च. आवश्यक स्थानहरूमा बाह्य कार्यक्रमहरू सञ्चालन गर्ने ।

छ. केन्द्रको सेवा तथा कर्मचारीहरूको स्तर वृद्धिको लागि आवश्यक सहजीकरण गर्ने ।

ज. कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

ञ. आँखा स्वास्थ्य अवस्थाका बारेमा जानकारी दिन अनुसन्धानात्मक कार्यहरु सञ्चालन गर्ने ।

१०. **केन्द्रले गर्ने कार्यहरु :** देहाय अनुसारको कार्यहरु गर्ने छ :

क. सबै जनताको पहुँचमा पुर्याउन सर्वसुलभ मूल्यमा गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्ने

ख. आँखा स्वास्थ्य सेवा कार्यक्रमलाई प्रवर्द्धन गर्न निरन्तर रुपमा समुदायको सहभागिता र सहकार्यलाई ग्राह्यता दिने ।

चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सैर्नी ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

ग. आँखा स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

घ. आँखा स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न आँखा सेवा प्रदायक तथा नेपाल सरकारको स्वास्थ्य संस्थासँग समन्वय गर्ने ।

ङ. गुणस्तरीय आँखा स्वास्थ्य सेवालाई उच्च सेवातर्फ विस्तार गर्दै लाने ।

च. केन्द्रमा भइरहेको प्रगति विवरण आवश्यकतानुसार मासिक, त्रैमासिक, अर्ध-वार्षिक तथा वार्षिक रुपमा सम्बन्धित संस्थाहरूमा पठाउने ।

छ. गाउँपालिकाको सहकार्यमा आँखा स्वास्थ्य सम्बन्धी घुम्ती शिविर सञ्चालन गर्ने ।

**१०.१. आँखा केन्द्रमा उपलब्ध हुने आँखा स्वास्थ्य सेवाहरु :**

क. बिरामीको दृष्टि तथा चश्मा जाँच

ख. बिरामीको आँखा सम्बन्धी रोगहरूको परीक्षण तथा उपचार

ग. आँखाको सामान्य शल्यक्रिया

घ. सर्बसुलभ मूल्यमा औषधी तथा चश्माको बिक्री वितरण

ङ. जटिल समस्या भएका बिरामीहरुलाई थप सेवाको लागि नजिकको सुविधा सम्पन्न आँखा अस्पतालमा रेफर गर्ने

च. आँखा रोग सम्बन्धी आकस्मिक सेवा प्रदान गर्ने

**१०.२. कार्यक्रमहरु**

अन्य सेवाहरु चिशंखुगढी ग्रामीण आँखा केन्द्रले नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगा तथा अन्य संघ संस्थाहरूसँग समन्वय गरी निम्न अनुसारको कार्यक्रमहरू सञ्चालन गर्नेछ :

क. आँखा उपचार सेवाको पहुँच नपुगेको ठाउँहरूमा आँखा शिविर सञ्चालन गर्ने ।

ख. विभिन्न माध्यमहरूबाट आँखा सम्बन्धी जनचेतना मूलक कार्यक्रम गर्ने ।

ग. विद्यालयहरूमा आँखा परीक्षण तथा आँखा स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने ।

घ. समुदायमा आधारित स्वास्थ्य तथा अन्य सहकर्मीहरूलाई आँखा सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

ङ. नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्रहरूबाट लागू हुने आँखा स्वास्थ्य सम्बन्धी विभिन्न परियोजनाहरू सञ्चालन तथा समन्वय गर्ने ।

चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैर्नी ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७२

**११. आर्थिक कारोवार:**

(क) आँखा केन्द्रको आर्थिक कारोबार बैंक मार्फत हुने छ ।

(ख) यस केन्द्रको आफ्नो छुट्टै बैंक खाता हुने छ ।

(ग) केन्द्रको बैंक खाता सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष र आँखा केन्द्र इन्चार्जको संयुक्त दस्तखतबाट अध्यक्षको अनिवार्य हस्ताक्षरमा आर्थिक कारोबार हुने गरि बैंक खाता सञ्चालन हुने छ ।.

(घ) बैंक खातामा आन्तरिक सेवाहरु तथा बाह्य निकायहरूबाट संकलित रकम जम्मा हुने छ ।

(ड) केन्द्रमा दैनिक प्राप्त भएको नगद विशेष परिस्थिति बाहेक नगद प्राप्त भएको प्रत्येक दिन कार्यालय समयमा बैंक दाखिला गर्नु पर्ने छ ।

(च) केन्द्रमा आँखा जाँचको लागि आउने विरामजीहरूलाई बिरामी दर्ता शुल्क बापत लिइने दर्ता शुल्क अनुसूची -१ अनुसार हुनेछ ।

(ज) आँखा जाँच पछि प्रदान गरिने चश्मा तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगाले तोकेको मूल्यमा बिक्री गर्नु पर्ने छ र विक्रीमा तोकेको मूल्यमा बढीमा १५ प्रतिशत सम्म छुट दिन सकिने छ ।

## परिच्छेद-२

### विविध

१२. आवश्यक परेमा आँखा केन्द्र सञ्चालनमा आर्थिक सहयोग गर्ने संस्थाको नाम समेत उल्लेख गर्न सकिनेछ ।

१३. सञ्चालन तथा व्यवस्थापन समितिले आँखा केन्द्रको गतिविधि तथा कार्यक्रमहरूको आवश्यक समन्वय जिल्ला सामुदायिक आँखा केन्द्र, ओखलढुंगासँग गर्न सक्नेछ ।

१४. सरोकारवाला निकाय (Stakeholder) हरू बीच वार्षिक कार्ययोजना र प्रगति विवरणबारे गोष्ठी गरिनेछ ।

१५. आँखा केन्द्र सञ्चालनमा माथि उल्लेखित भन्दा बाहेक अन्य कार्य गर्नु परेमा नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, बाह्य कार्यक्रम विभागको समन्वय र आँखा केन्द्र सञ्चालन

चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सैर्नो ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

तथा व्यवस्थापन समितिको सिफारिसमा चिशंखुगढी गाउँपालिकाको कार्यपालिकाको बैठकले कार्यविधि आवश्यकत्ता अनुसार संशोधन गर्न सक्नेछ ।

१६. सम्झौतामा उल्लेख हुने सम्पूर्ण सहमति पक्षहरूले आफ्नो जिम्मेवारी निर्वाह गर्नु पर्ने छ । यदी कुनै कारणवश कुनै पक्षले आफ्नो जिम्मेवारी बहन नगरेमा सोबाट पर्न जाने क्षतिपूर्ति सोही पक्षबाट असुल उपर गरिने छ साथै सम्झौतामा उल्लेखित भौतिक सामाग्रीहरू सबै पक्षको सहमतिमा यसै गाउँपालिकाले आँखा स्वास्थ्य सेवा प्रदान गर्न प्रयोग गर्नु पर्ने छ ।

चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सैनो ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

**अनुसूची-१**

**दफा ११ को उपदफा (च) सँग सम्बन्धित**

**आँखा केन्द्रमा जाँचको लागि आउने विरामीहरुलाई विरामी दर्ता शुल्क**

| क्र.सं. | सेवाको विवरण/प्रकृति | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | दर्ता शुल्क | रु. ५०/- | १५ दिन पछि पुनः शुल्क लाग्ने |
| २. | आकस्मिक शुल्क | रु. १००/- | |
| ३. | F.b Removal Charge | रु. १००/- | |
| ४. | Shermer Test Charge | रु. ५०/- | |
| ५. | Pad and Bandage Charge | रु. १५०/- | |
| ६. | IOP (आँखाको प्रेसर जाँच) | रु. १००/- | |
| ७. | Syringing (आँखाको नली जाँच) | रु. १००/- | |
| ८. | Chalazion Sy<br>(आनोको शल्यक्रीया शुल्क) | रु. १०००/- | |

***नोटः औषधि र चस्माको प्रकार अनुसार मूल्य लिइनेछ ।**

**आज्ञाले,**
**सिताराम राई,**
**प्रमुख प्रशासकीय अधिकृत**